अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ८ संख्या:१६ कार्यपालिका स्वीकृत मिति:२०८२/०७/२१

प्रमाणिकरण मिति :२०८२/०७/२७

## भाग-२

## बर्दिवास नगरपालिका

# कृषि सम्बन्धि मेसिनरी,औजार तथा उपकरण वितरण सम्बन्धि कार्यक्रम सञ्चालन कार्यविधि,२०८२

**प्रस्तावना :**

कृषि उत्पादन लागत घटाई कृषकहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न र कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक र प्रतिस्पर्धी बनाउनुको साथै स्वरोजगारीको अवसर सिर्जना गर्न तथा गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउन बर्दिवास नगरपालिकाले आ.व. २०८२/०८३ मा कृषि सम्बन्धि मेसिनरी, औजार तथा उपकरण अनुदानमा वितरण कार्यक्रम राखिएको छ । उक्त कार्यक्रम कार्यान्वयन गर्न यो कार्यविधि तयार गरिएको छ ।यो कार्यविधि कार्यान्वयनका लागि बर्दिवास नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम " **कृषि सम्बन्धि मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि,** २०८२ रहेको छ ।

(ख) यो कार्यविधि बर्दिवास नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) "**नगरपालिका**" भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्नेछ ।

(ख) "**कार्यालय**" भन्नाले बर्दिवास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ग) "**कार्यक्रम**" भन्नाले कृषि सम्बन्धी मेशिनरी,औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सम्झनु पर्दछ ।

(घ) "**शाखा**" भन्नाले बर्दिवास नगरपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

(ङ) "**अनुदान**" भन्नाले सम्बन्धित कृषि विकास कार्यक्रम संचालनका लागि लाभग्राहीहरुलाई दिईने कृषि मेसिनरी, औजार तथा उपकरण सम्झनु पर्नेछ ।

(च) "**प्रस्तावक/अनुदानग्राही**" भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्ने बर्दिवास नगरपालिकाका कृषक/निजि कृषि फर्म/कृषक समुह/कृषि सहकारी/जल उपभोक्ता समिति सम्झनु पर्दछ ।

(छ) "**समिति**" भन्नाले दफा(६) बमोजिम गठन हुने समिति सम्झनु पर्दछ ।

(ज) "**कृषि मेसिनरी औजार उपकरण**" भन्नाले अनुसूची–१ मा उल्लेख गरिए बमोजिमका औजार, यन्त्र, उपकरण एंव मेसिनरीहरुलाई सम्झनु पर्दछ ।

**३. कार्यक्रमको उद्देश्य** : (१) कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहनेछ ।

(क) कृषि क्षेत्रलाई आधुनिक, व्यावसायिक एवम् प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्याउने,

(ख) कृषि उत्पादनमा नगरलाई आत्मनिर्भर तुल्याइ निर्यात प्रवर्द्धन गर्ने,

(ग) उत्पादकत्व वृद्धि गर्न तथा उत्पादन लागत घटाउने सहयोग पुर्याउने,

(घ) कृषकको श्रम र समयको बचत गर्नु ।

(ङ) आधुनिक प्रविधिको प्रयोग तर्फ कृषकहरुलाई आकर्षित गर्ने,

(च) युवा जनशक्तिलाई कृषिमा आकर्षित गरी स्वरोजगारको अवसर सिर्जना गर्ने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन सम्बन्धी प्रक्रिया

**४. कार्यक्रम कार्यान्वयन क्षेत्रहरु :**

(१) बर्दिवास नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम बर्दिवास नगरपालिकाका सबै वडाहरुमा अनुसूची-१मा तोकिए बमोजिमका मेसिनरी औजार तथा उपकरण लागत साझेदारीमा वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**५. सूचना प्रकाशन/प्रस्ताव आह्वान गर्ने :**

(१) कार्यक्रम कार्यान्वयनका लागि शाखाले कम्तिमा १५(पन्ध्र) दिनको म्याद दिइ सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रकाशन भएको सूचनाको म्यादभित्र कार्यक्रममा सहभागी हुन इच्छुक लाभग्राहीले सम्बन्धित शाखामा निवेदन पेश गर्नु पर्नेछ ।

(६) **प्रस्तावकको मूल्याङ्कन एवम् सम्झौता :**

(१) दफा ५को उपदफा(२) बमोजिम पेश हुन आएका निवेदन/प्रस्तावहरु उपर देहाय बमोजिमको मूल्याङ्कन समितिले मूल्याङ्कन गरी अनुदानग्राही छनौट गर्नुपर्नेछ ।

नगर प्रमुख -संयोजक

प्रमुख प्रशासकीय अधिकृत- सदस्य

आर्थिक विकास समिति प्रमुख -सदस्य

शाखा प्रमुख/प्रतिनिधि - सदस्य सचिव

- समितिले विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ ।
- समितिले मुल्यांकनको मापदण्ड तथा कार्यविधि आफै निधारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट भएका अनुदानग्राहीहरुसँग कार्यालयले सम्झौता गर्नेछ ।

**७. लागत साझेदारी सम्बन्धी व्यवस्था :**

(१) अनुसूची-१ बमोजिम वितरण गरिने अनुदानका कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरणहरुको लागत साझेदारी वार्षिक स्वीकृत कार्यक्रममा तोकिएको प्रतिशत अनुसार हुनेछ।

(२) दफा(६) बमोजिम छनौट भएका लाभग्राहीले तोकिएको साझेदारी बापतको रकम कार्यालयले तोकेको बैङ्क खातामा दाखिला गरी सो को सक्कल भौचर शाखालाई उपलब्ध गराउनु पर्नेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिम वा नगर कार्यपालिकाले निर्णय गरे बमोजिमको लागत साझेदारी हुने गरी नगरपालिकाले अनुदानग्राहीको साझेदारीमा कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**८. अनुदान सम्बन्धी अन्य व्यवस्था :**

(१) यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउँदा एक अनुदानग्राहीलाई एक आर्थिक वर्षमा एउटा कामको लागि मात्र अनुदान उपलब्ध गराइनेछ।

## परिच्छेद-३

## अनुगमन सम्बन्धी व्यवस्था

**१०. अनुगमन :नगर उपप्रमुखले शाखाको कर्मचारी सहित नियमित अनुगमन गर्नुपर्नेछ।**

## परिच्छेद-४

## विविध

**खरिद : अनुसूचि-१ बमोजिमको मेसिन,औजार,उपकरणहरुको खरिद प्रचलित सार्वजनिक खरिद कानुन बमोजिम हुनेछ।**

**१३. बचाऊ :** यस कार्यविधिमा व्यवस्था भएका प्रावधानको हकमा यसै कार्यविधि बमोजिम र व्यवस्था नभएको प्रावधानको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**१४. बाधा फुकाउ :**
यो कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै बाधा अड्चन परेमा सो को निरुपण नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

**१५. संशोधन तथा खारेज :** कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ ।

## अनुसुचि १

### दफा २ को खण्ड(ज) सँग सम्बन्धित

### "कृषि मेसिनरी औजार उपकरण"

१. मिनी टिलर

२. प्लास्टिक टनेल

३. मल्चिङ्ग प्लास्टिक

४. थोपा सिँचाई सेट

५. स्प्रेयर

६. हजारी

७. सिकेचर/करौती

८. डिजिटल तराजु

९.मकै रोप्ने र छोड्याउने मेसिन

१०.थेसर

११.रिपर

१२.अन्य आवश्यक उपकरणहरु

आज्ञाले,

राममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत